# विद्यालय केन्द्रित वातावरण संरक्षण कार्यक्रम कार्यविधि २०७७

**प्रस्तावना**

जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै सरसफाईलाई संस्कारको रुपमा विकास गर्न, वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संर्वद्धन र दिगो उपयोग गर्ने तथा नेपाललाई सफा, स्वच्छ र हराभरा बनाउन सरसफाई तथा फोहरमैला व्यवस्थापन, प्रदूषण नियन्त्रण र हरियाली प्रवर्द्धनका लागि सञ्चालित अभियानहरुलाई एकीकृत रुपमा सञ्चालन गर्न विद्यालय स्तरबाट जागृत गराई व्यक्ति, परिवार अनि समुदायलाई क्रियासिल बनाउने नेपाल सरकारको घोषीत नेपाल स्वच्छ वातावरण महाअभियानलाई सात प्रदेशमा रहेका सामुदायिक, संस्थागत वा अन्य विद्यालय सम्म पुऱ्याई कार्यक्रम कार्यान्वयन प्रकृयालाई सहज संचालन, व्यवस्थित र प्रभावकारी बनाउन वातावरण विभागले यो कार्यविधि बनाएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u> **(क)** यस कार्यविधिको नाम "विद्यालय केन्द्रित वातावरण संरक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

(ख) यो कार्यविधि विभागबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. <u>परिभाषा :</u>विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा —

(क) **"विद्यालय"** भन्नाले आधारभूत (कक्षा १ देखि ८ सम्म) वा माध्यमिक तह (कक्षा ९ देखि १२ सम्म) पढाई हुने सामुदायिक वा संस्थागत विद्यालय सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले विधालय केन्द्रित वातावरण संरक्षण कार्यक्रम बुझाउनेछ।

(ग) **"वातावरण मैत्री"** भन्नाले वातावरणमा न्युन असर पुर्याउने र प्राकृतिक रुपमा जैविक, भौतिक तथा सामाजिक पक्ष विचको अन्तर सम्बन्ध र अन्तर-निर्भरतालाई सन्तुलन कायम गर्न सघाउने क्रियाकलाप सम्झनु पर्दछ ।

(घ) "**मन्त्रालय**" भन्नाले वन तथा वातावरण मन्त्रालय बुझाउनेछ।

(ङ) "**विभाग**" भन्नाले वातावरण विभाग बुझाउनेछ।

(च) "**समिति**" भन्नाले दफा ६ बमोजिमको विद्यालय केन्द्रित वातावरण संरक्षण कार्यक्रम कार्यन्वयन समिति बुझाउनेछ।

**३)कार्यक्रमको उद्देश्यः**

विद्यालय स्तरबाट वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै सरसफाई लाई संस्कारको रुपमा विकास गर्ने, वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संर्वद्धन र दिगो उपयोग गर्ने तथा नेपाललाई सफा, स्वच्छ र हराभरा बनाउन सरसफाई तथा फोहरमैला व्यवस्थापन, प्रदूषण नियन्त्रण र हरियाली प्रवर्द्धनका लागि सञ्चालित अभियानहरुलाई एकीकृत रुपमा सञ्चालन गर्ने ।

विद्यार्थीहरुलाई सफा, स्वच्छ र हराभरा वातावरण व्यवस्थापन गर्न जागृत गराउने ।

## परिच्छेद — २

### कार्य संचालनका लागि प्रस्तावित क्षेत्र

४) वार्षिक कार्यक्रमको परिधिमा रहि सात वटै प्रदेशमा समानुपातिक रूपमा पर्ने गरी प्राप्त प्रस्तावबाट छनौट गरिएका २५ स्थानमा कार्यक्रम कार्यन्वयन समितिले अनुमोदन गरे पश्चात सञ्चालन गरिनेछ ।

५) सार्वजनिक सूचना मार्फत ७ वटै प्रदेशका आधारभूत वा माध्यमिक शिक्षा पढाई हुने सामुदायिक, सरकारी, संस्थागत वा अन्य विद्यालयहरुबाट विद्यालय केन्द्रित वातावरण कार्यक्रमहरुको प्रस्ताब आह्वान गरिनेछ।विद्यालयहरुले अनुसूची १मा दिएको ढाँचा बमोजिम प्रस्ताव वातावरण विभागमा सिधै इमेल वा अन्य कुनै सहज माध्यमबाट पठाउनु पर्नेछ । प्राप्त प्रस्तावहरु छानवीन गरी दफा६ मा उल्लेख विद्यालय छनोटका आधारहरु र विद्यालयले प्राप्त गर्ने अंकका आधारमा उपयुक्त विद्यालयको छनोट गर्न वातावरण विभाग स्तरीय दफा ७ वमोजिमको समितिले अनुमोदन गरे वमोजिमको हुनेछ ।कार्यक्रम कार्यन्वयन समितिबाट छनोट भएका विद्यालय संग सम्झौता गरे पश्चात कार्य संचालन गरी विद्यालयले सम्पन्नताको सक्कल कागजात विभाग समक्ष पेश गरे पछि विभागले विद्यालयको बैक खाता मार्फत भुक्तानी गर्नेछ ।

६) **विद्यालय छनोटका आधारहरुः**

- प्रत्येक प्रदेशबाट बढीमा ४ विद्यालयहरु (प्रदेश न. १, प्रदेश न. २, बागमती प्रदेश र गण्डकी प्रदेश प्रत्येकबाट बढीमा ४(चार) वटा अनि प्रदेश न. ५, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश प्रत्येकबाट बढीमा ३(तिन)) छनोट गरिनेछ। तर कुनै प्रदेश बाट अप्रयाप्त प्रस्ताव पर्न गएमा अन्य बढी प्रस्ताव पर्न गएका प्रदेशहरुबाट समानुपातिक रुपमा छनोट गनिने छ।
- गाउँपालिका वा नगरपालिकाका एक वडाबाट बढीमा १ विद्यालय छनोट गर्ने ।
- यस भन्दा अगाडी वातावरण विभागबाट विद्यालय केन्द्रित वातावरण संरक्षण कार्यक्रमहरु संचालन नभएका सरकारी तथा समुदायिक विद्यालयहरुलाई बढी प्राथमिकता दिइनेछ।

- अनिवार्य वातावरण विषय वा ऐच्छिक वातावरण विषय पढाई हुने विद्यालयहरुलाई छनोटमा बढी प्राथमिकता दिइनेछ।
- वातावरण विषय वा ऐच्छिक वातावरण विषय पढाउने शिक्षक वातावरण विज्ञान वातावरण व्यवस्थापनमा स्नातक गरेको भए छनोटमा बढी प्राथमिकता हुनु पर्ने ।
- कार्यक्रममा दोहोरोपन नहुने गरी विद्यालय छनौट गरीनेछ,
- विद्यालयको स्थापना मिति, विद्यालयले ओगटेको क्षेत्रफल, विद्यालयको आफ्नै स्वामित्वमा ओगटेको क्षेत्रफल, सरकारी वा समुदायिक विद्यालय, माध्यमिक तह पढाई हुने विद्यालय, विद्यालयमा पढ्ने विद्यार्थी संख्या, विगतमा विद्यालयमा संचालित वातावरण केन्द्रित कार्यक्रमहरु नभएको, आर्थिक, प्राविधिक सहयोग गर्ने निकायहरु नभएको, विद्यालयको पृष्ठभूमि, क्षमता र प्राविधिक उपयुक्तता र हाल सम्म कुनै पनि निकायवाट यस्ता कार्यक्रमहरुको सुबिधाबाट बन्चित रहेका विद्यालयलाई प्राथमिकता दिइनेछ।
  - छनौटका लागी प्रस्ताव गरिएका लाभग्राही विद्यालयको स्वीकृत कार्यक्रम कार्यन्वयन समितिले गरे पश्चात समितिले तोकेको कर्मचारी बाट सम्बन्धीत विधालयसंग सम्झौता गरे पछि कार्यक्रम सञ्चालन गरिनेछ ।

कार्यक्रम कार्यान्वयनको अवस्था र आवश्यकताको आधारमा भविष्यमा यस्ता किसिमका कार्यक्रममा व्यापकता ल्याउन प्राविधिक उपयुक्तता र संभाव्यताका आधारमा अन्य विद्यालयहरुमा समेत यो कार्यक्रमलाई विस्तार गर्न सकिनेछ ।

<u>विद्यालय छनोटका आधारहरु र प्राप्त गर्ने अंक</u>

| क्र.स. | आधारहरु | भएको | बढी प्राथमिकता | कम प्राथमिकता |
|---|---|---|---|---|
| १ | यस भन्दा अगाडी वातावरण विभागबाट विद्यालय केन्द्रित वातावरण संरक्षण कार्यक्रमहरु संचालन | १० | १५ | १० |
| २ | विद्यालयमा अनिवार्य वातावरण विषय वा ऐच्छिक वातावरण विषय पढाई | १५ | १५ | १० |
| ३ | वातावरण विषय वा ऐच्छिक वातावरण विषय पढाउने शिक्षक वातावरण विज्ञान वा वातावरण व्यवस्थापनमा स्नातक | १५ | १५ | १० |
| ४ | सरकारी वा समुदायिक विद्यालय | १५ | १५ | १० |
| ५ | विद्यालयले ओगटेको क्षेत्रफलको स्वामित्व आफ्नै | १५ | १५ | १० |
| ६ | विद्यालयमा माध्यमिक तहपढाई हुने | १५ | १५ | १० |
| ७ | विगतमा वातावरण संरक्षण केन्द्रित कार्यक्रमहरु अन्य कुनै निकायहरुको सहयोगमा | ५ | १० | ५ |
| | विद्यालयको कुल अंक | | | |

७)	कार्यक्रम सञ्चालनको लागि विद्यालयको छनौट स्वीकृत, समग्र कार्यक्रमको अनुगमन तथा मूल्यांकन.प्रगति समिक्षा र पृष्ठपोषण गर्नका लागि देहाय बमोजिमको समिति रहनेछ ।

| | |
|---|---|
| क) उपमहानिर्देशक | संयोजक |
| ख) प्रमुख, योजना तथा प्रशासन शाखा | सदस्य |
| ग) प्रमुख, वातावरणीय प्रदुषण नियन्त्रणतथा अनुगमनशाखा | सदस्य |
| घ) प्रमुख, वातावरणीय प्रभाव मूल्यांकन तथा अनुगमन शाखा | सदस्य |
| ङ) प्रमुख, आर्थिक प्रशासन | सदस्य |
| च) कानुन अधिकृत | सदस्य |
| छ)प्रतिनिधि, मन्त्रालय | सदस्य |
| ज) महानिर्देशकले तोकिएको वातावरण निरीक्षकः | सदस्य सचिव |

समितिको आवश्यकता अनुसार बैठक बस्नेछ र सम्बन्धित क्षेत्रका वढीमा ३ व्यक्ति वा संस्थाका प्रतिनिधि आमन्त्रित सदस्यका रुपमा बोलाउन सकीनेछ।

अनुगमन लगायत कार्यक्रमसँग सम्वन्धित सवै किसिमका खर्च माथि उल्लेखित समितिको सिफारिशमा वाडँफाँड गरी सोहि कार्यक्रममा विनियोजित बजेटबाट व्यहोरिने छ ।

८)	**आर्थिक कार्यविधिः**

क)	सम्झौता पश्चात २०७८ जेष्ठ मसान्त भित्र कार्यसम्पादन गरी कार्य सम्पन्न भएको प्रमाणीत प्रतिवेदन, सम्पादित कार्यसंग सम्बन्धित रंगिन तस्बिरहरु, आवश्यक बिल भरपाई एवं कागजात प्रमाणीत गरी विद्यालयले विभागमा रकम माग गर्नु पर्नेछ। विद्यालयको बैंक खाता विवरण र नाम, खाता न. स्पष्ट देखिने गरी चेकको खाली पानाको पर्ति पनि संग्लग्न गर्नु पर्ने छ। साथै विभागले औचित्यको आधारमा समय अवधि थप गर्न सक्ने छ।

ख) विद्यालयले रकम माग गर्दा यर्थाथ खर्च खुल्ने गरी सक्कल बिल, भरपाई, भौचर लगायतका सम्पूर्ण कागजपत्र पेस गर्नु पर्नेछ | रकम माग गर्दा विद्यालयका वहु सख्यक शिक्षक तथा विधार्थीको रोहवरमा प्राप्त रकम,कार्यमा भएको खर्च विवरण सार्वजनिक गरी अनुमोदन गराई सार्वजनिक सुनुवाई गरेको निर्णय समेत पठाउनु पर्नेछ ।

ग) विभागले सम्झौता अनुसार सम्पन्न भएको यथार्थ कार्यको भुक्तानि गर्नेछ ।प्रचलित कानुन अनुसार रित नपुगी प्राप्त भएका बिल भर्पाइहरुको भुक्तानी हुने छैन।

घ) प्रशासनिक कार्य, बैठक भत्ता, चिया, खाजा, नगद पुरस्कार र वातावरण मैत्री नभएका क्रियाकलाप संचालन गर्न भएका खर्चहरुको विल भरपाई भुक्तानी हुने छैन।

ङ) सम्झौता अनुसारको कार्य नभएमा,प्राप्त रकम हिनामिना वा मस्यौट गरेमा वा नक्कली विल भर्पाइ वनाई भुक्तानी लिएको प्रमाणित भएमा प्रचलित कानुन अनुसार कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

९) **प्राप्त रकम देहायका क्षेत्रमा खर्च गर्नु पर्नेछः**

कार्यक्रम कार्यान्वयनका लागि पहिचान गरिएका देहाय बमोजिमका ७ वटा क्षेत्रका क्रियाकलापहरुका लागि रकम खर्च गरिने छः-

क) बृक्षारोपण तथा फलफूलका विरुवा रोप्ने कार्यलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

ख) ठोस तथा तरल वा अन्य फोहोर मैला व्यवस्थापन गर्न।

ग) ध्वनी न्युनीकरणका उपायहरु अवलम्बन गर्न ।

घ) प्रदुषण नियन्त्रण र कुनैपनि वातावरणीय प्रवर्द्धनका क्रियाकलाप अवलम्बन गर्न।

ङ) जैविक मल बनाउने, पानी संकलन गर्ने, नवीकरणीय उर्जा प्रवर्द्धनका क्रियाकलाप अवलम्बन गर्न ।

च) प्लास्टिक झोला विस्थापन तथा वैकल्पिक झोला प्रवर्दन गर्न ।

छ) विधार्थीहरुमा वातावरण संरक्षण सम्वन्धि जनचेतना जगाउने खाले क्रियाकलाप संचालन गर्न ।

# परिच्छेद -३

## कार्यक्रम अनुगमन तथा मूल्याङ्कन व्यवस्था

**१०.** **कार्यक्रम अनुगमन तथा मूल्याङ्कन** : (१) यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन आवश्यकतानुसार वातावरण विभागबाट हुनेछ ।अनुगमन तथा मूल्याङ्कन टोलीमा सम्बन्धित स्थानीय तह वा वडाको निर्वाचित जनप्रतिनिधि वा स्थानीय निकायको कुनै प्रतिनिधिलाई समेत संलग्नता गराउन सकिनेछ ।

# परिच्छेद -४

## विविध

**११.** **अन्तिम व्याख्या गर्न सक्ने**: (१) यस कार्यविधिको कार्यन्वयनमा केही वाधा व्यवधान आइपरेमा वा दुबिधा उत्पन्न भएमा विभागले सोको अन्तिम व्याख्या गर्न सक्नेछ |

**१२.** **कार्यविधिमा संशोधन तथा परिमार्जन गर्न सक्ने** : (१) यस कार्यविधिमा आवश्यकता अनुसार विभागले आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**१३.** प्रचलित कानुन वमोजिम हुनेः यो कार्यविधिमा उल्लेख भएका विषयहरु वाहेक अन्य विषयहरु प्रचलित कानुन वमोजिम हुनेछन्।

# अनुसूची -१
## दफा ४संग सम्बन्धित
## (विद्यालयले विभाग समक्ष पेश गर्ने निवेदन)

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वातावरण विभागको सहकार्यमा संचालन हुने नेपाल स्वच्छ वातावरण महाअभियान, अन्तर्गत विद्यालय केन्द्रित वातावरण संरक्षण कार्यक्रमहरु कार्यान्वियन गर्न इच्छुक भएको प्रतिवद्धता सहित विद्यालयहरुले वातावरण विभागमा पेश गरेको निवेदनको ढाँचा

१) विद्यालयको नामः

२) विद्यालय स्थापना सालः

३) विद्यालयले ओगटेको क्षेत्रफलः

४) विद्यालयले ओगटेको क्षेत्रफलको स्वामित्वः क) आफ्नै ख) भाडामा

५) बिधालयको ठेगानाः क) प्रदेशः ख) गाउँपालिका वा नगरपालिकाः वडा न.:

६) विद्यालयको किसिमः क) समुदायिक/सरकारी ख) संस्थागत

७) विद्यालयमा पढाई हुने तहः क) आधारभूत ख) माध्यमिक

८) विद्यार्थी संख्याः क) आधारभूत ख) माध्यमिक

९) वातावरण सम्बन्धि पढाई हुने विषयः क) अनिवार्य वातावरण ख) ऐच्छिक वातावरण विषय

१०) वातावरण विषय वा ऐच्छिक वातावरण विषय पढाउने शिक्षकः क)वातावरण विज्ञान वा वातावरण व्यवस्थापनमा स्नातक ख)विज्ञान विषय शिक्षक

११) विगतमा विद्यालयमा संचालित वातावरण संरक्षण केन्द्रित कार्यक्रमहरुः क)इको क्लव ख) हरित विद्यालय कार्यक्रम ग)वातावरणीय शिक्षा घ) अन्यकुनै

१२) विगतमा वातावरण संरक्षण केन्द्रित कार्यक्रमहरुका लागि सहयोग गर्ने निकायहरु :

१३) विद्यालयमा विद्यालय संरक्षण केन्द्रित वातावरणीय कार्यक्रमहरु कार्यान्वियन गर्न सम्पर्क व्यक्ति

क) नामः ख) पदः ग) मोबाइल न.:

घ) इमेल

१४) विद्यालय केन्द्रित वातावरण कार्यक्रम; वातावरणीय शिक्षा वा अन्य कुनै वातावरण संरक्षण केन्द्रित कार्यक्रम वा यी कार्यक्रमहरुसँग प्रत्यक्ष सम्बन्धित लक्षित कार्यक्रमहरुको सूची र कार्यान्वियन योजनाः

१५) विद्यालय केन्द्रित वातावरण कार्यक्रम; वातावरणीय शिक्षा वा अन्य कुनै वातावरण संरक्षण केन्द्रित कार्यक्रमहरु कार्यान्वियन गर्न अपेक्षित प्राविधिक, भौतिक वा आर्थिक सहयोगः

**अनुसूची -२**

**नेपाल सरकार**

**वन तथा वातावरण मन्त्रालय**

**वातावरण विभाग**

**(सम्झौता पत्र)**

वातावरण विभाग (यसपछि पहिलो पक्ष भनिएको) र................................विद्यालय (यसपछि दोस्रो पक्ष भनिएको) बिच नेपाल स्वच्छ वातावरण महाअभियानलाई सघाउने उदेश्यले चालु आ.व. २०७७/७८ को "विद्यालय केन्द्रित वातावरण संरक्षण कार्यक्रम" कार्यान्वयन गर्न "विद्यालय केन्द्रित वातावरण संरक्षण कार्यक्रम कार्यविधि २०७७" बमोजिम यो सम्झौता गरिएको छ। दोस्रो पक्षले आफ्नो स्वामित्व........प्रदेश,.....................जिल्ला, ......नगरपालिका/उपमहानगरपालिका/ महानगरपालिका वडानं. ......, मा रहेको ..................स्थित करिब ....... रोपनी/विगाहा/कठ्ठा विद्यालय क्षेत्रमा वातावरणीय कार्यक्रम संचालन गर्दा पहिलो पक्ष र दोस्रो पक्ष बीच निम्न शर्तहरुको पालना दुबै पक्षले गर्ने मन्जुरीका साथ एक आपसमा यो सम्झौता गरी एक एक प्रति बुझिलियौं।

**शर्तहरु :**

१. दोस्रो पक्षले आफ्नो स्वामित्वमा वा भोग अधिकारमा रहेको क्षेत्रमा कार्यक्रम संचालन गर्नु पर्नेछ।

२. दोस्रो पक्षले प्रस्ताब आव्हान गर्दा, सूचना आव्हान गर्दा तोकिएका ७ क्षेत्र संग सम्बन्धित वातावरणीय कार्यक्रमहरुको लागत अनुमान तयार गर्नुपर्नेछ ।

३. स्वीकृत लागत अनुमान अनुसार प्रचलित कानुनले तोके बमोजिम खरिद प्रकृयाहरु पुरा गरी कार्य सम्पन्न गर्ने सम्पुर्ण दायित्व दोस्रो पक्षको हुनेछ । पहिलो पक्षले भुक्तानी रकम लागत अनुमान र सम्पुर्ण कार्य सम्पन्न भएपछी प्रगतिको अनुगमन तथा उपलब्ध सक्कल कागजात समेतको आधारमा बढीमा रु.९५,०००(अक्षेरुपी रु पंचानब्बे हजार मात्र, कर सहित) बैंक खाता मार्फत दोस्रो पक्षलाई भुक्तानी गर्न सक्नेछ।

४. दोस्रो पक्षले भुक्तानी दाबी गर्दा २०७८ जेष्ठ मसान्त सम्म कार्य सम्पन्न गरी ढिलोमा २०७८ असार ७ गते भित्र पहिलो पक्ष समक्ष कार्यसम्पन्न प्रमाणीत प्रतिवेदन, विद्यालय व्यवस्थापन समितिवा सामुदायिक सिकाई केन्द्र व्यवस्थापन समितिको कार्यान्वयन सम्पन्न भएको सिफारिस, सम्बन्धित स्थानीय तहको कार्यक्रम कार्यान्वयन सम्पन्न भएको सिफारिस साथै कार्यक्रम कार्यान्वयन सम्पन्न भएको कार्यक्रमहरुको सक्कल विल भरपाई, प्रमाणीत डोर हाजिर एवं सम्पादित कार्यक्रम दर्शाउने रंगिन तस्बिरहरु समेत संग्लग्न गरी उपयुक्त माध्यमबाट वातावरण विभागमा आइपुग्नु पर्नेछ । विद्यालयको वैंक खाता न. र विवरण (बैंकको नाम, विद्यालयको नाम, खाता न......................................................................................, खाताको प्रकार स्पष्ट देखिने गरी खाली चेक पानाको छाँया प्रति सहित) पनि संग्लग्न गर्नु पर्नेछ।

५. दोस्रो पक्षले वातावरणीय कार्यक्रमहरुका लागि उपलब्ध गराएको रकम अन्य कार्यमा उपयोग गर्न पाउने छैन।

६. वातावरणीय कार्यक्रमहरु कार्य अवधिभर र पछि समेत सस्थानको संरक्षणर संवर्धन गर्ने दायित्व दोस्रो पक्षको हुनेछ।

७. पहिलो पक्षले स्थान चयन देखी कार्यान्वयन चरण र वातावरणीय कार्यक्रमहरु पश्चात पनि यसको निरन्तर अनुगमन तथा निरिक्षण गर्न सक्नेछ रदोस्रो पक्षलाई आवश्यक राय, सल्लाह, सुझाव दिन सक्नेछ। यस्तो राय,सल्लाह, सुझावको कार्यान्वयन गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ साथै अनुगमन तथा निरिक्षणमा दोस्रो पक्षले पहिलो पक्ष लाई आवश्यक परेमा प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

८. वातावरणीय कार्यक्रमहरु गरिएको स्थानमा पहिलो तथा दोस्रो पक्षले वातावरणीय जनचेतना जगाउने खालका सन्देश मुलक सामाग्रीको रुपमा होडिङ्ग बोड वा अन्य प्रचार सामाग्री राख्नुपर्ने छ र यसको नमुना प्रथम पक्षले तोकिदिनेछ ।

९. यस सम्झौतामा उल्लेख भएका विषयहरु यसै बमोजिम हुने र अन्य विषयहरु प्रचलित नेपाल कानुन बमोजिम हुनेछन।

माथिका शर्तहरुको पालना गर्न दुबै पक्ष मञ्जुर भई यो सम्झौता गरेका छौं।

पहिलो पक्षको तर्फबाट
वातावरण विभाग
नामथरः
पदः
मितिः
दस्तखतः
कार्यालयको छापः
साक्षीहरुः
१.ः ................................

२.ः ................................

दोस्रोपक्षको तर्फबाट
(विद्यालय)
नामथरः
पदः
मितिः
दस्तखतः
विधालयको छापः
साक्षीहरुः
१.ः ................................

२.ः ................................

# अनुसूची -३

**छनोटभएका विद्यालयहरुले सम्झौतापत्रसाथ संलग्न गर्नु पर्ने कागजातहरुः**

१.	विद्यालय व्यवस्थापन समितिवा सामुदायिक सिकाईकेन्द्र व्यवस्थापन समितिको सम्झौता गर्ने निर्णय

२.	स्थानीय तहको कार्यक्रम कार्यान्वयन सम्बन्धी प्रतिबद्‌ता तथा सिफारिस (सक्कल)

३.	कार्यक्रम कार्यान्वयनको लागत ईस्टिमेट

४.	२०७८ वैशाख मसान्त सम्म कार्यक्रम कार्यान्वयन सम्पन्न गर्ने कार्ययोजना

५.	सम्झौता पत्र दुई प्रति(वातावरण विभागको website www.doenv.gov.np मा उपलब्ध छ)

(नोटःविद्यालय छनोट भएपछि सम्झौता गर्दा सबै कागजात इमेल info@doenv.gov.np वा env_bhupi@yahoo.com बाट पनि पठाउन सकिने र कार्य सम्पन्न भए पश्चात सबै सक्कल कागजात उपयुक्त माध्यमबाट पेश गर्नु पर्ने छ )

**कार्यक्रम सम्पन्न भए पश्चात भुक्तानी माग गर्दा संलग्न गर्नु पर्ने कागजातहरुः**

१.	कार्यक्रम सम्पन्न भएको प्रमाणीत प्रतिवेदन

२.	सम्पादित कार्यक्रम दर्शाउने रंगिन तस्बिरहरु, प्रमाणीतडोर हाजिर र सक्कल विल भरपाई

३.	विद्यालय व्यवस्थापन समिति वा सामुदाहिक सिकाई केन्द्र व्यवस्थापन समिति र स्थानीय तहको कार्यक्रम कार्यन्वयन सम्पन्न भएको सिफारिस

४.	विद्यालयको वैंक खाता न. र विवरण (बैंकको नाम, विद्यालयको नाम, खाता न., खाताको प्रकार स्पष्ट देखिने गरी खाली चेक पानाको छाँया प्रति सहित) पनि संगलग्न गर्नु पर्ने छ)

(कार्य सम्पन्न भए पश्चात २०७८ जेष्ठ मसान्त भित्र सबै सक्कल कागजात उपयुक्त माध्यमबाट विभागमा पेश गर्नु पर्ने छ )

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

वातावरण विभाग

**विषयः विद्यालय केन्द्रित वातावरणीय कार्यक्रम प्रस्ताव आवहान गरिएको बारे सूचना**

नेपाल स्वच्छ वातावरण महाअभियान, अन्तर्गत विद्यालय केन्द्रित वातावरण कार्यक्रमहरु कार्यान्वयन गर्न इच्छुक भएका सातै प्रदेशका सामुदायिक, सस्थागतवा अन्य विद्यालयवाट प्रतिवद्धता सहितको निवेदन र कार्यक्रमहरुको कार्यान्वयन योजना प्रस्ताव, सम्झौता पत्र छुट्टाछुट्टै; सूचना प्रकाशित भएको मितिले २०७७ मंशिर मसान्त भित्र वातावरण विभाग, बबरमहल, काठमाडौं वा ईमेल ठेगाना info@doenv.gov.np वा env_bhupi@yahoo.com वाट पेश गर्न जानकारी गरिन्छ ।कार्यक्रम कार्यान्वयनका प्रस्तावको लागी देहाय बमोजिमका ७ वटा क्षेत्रसंग सम्वन्धित एवं क्रियाकलापहरुको अधिनमा रहेको हुनुपर्ने छ।

क) बृक्षारोपण तथा फलफूल रोप्ने कार्यलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

ख) ठोस तथा फोहोर मैला व्यवस्थापन गर्न।

ग) ध्वनी न्युनीकरणका उपायहरु अवलम्बन गर्न

घ) प्रदुषण नियन्त्रण र कुनैपनि वातावरणीय प्रवर्द्धनका क्रियाकलाप अवलम्बन गर्न।

ङ) जैविक मल बनाउने,पानी संकलन गर्ने, नवीकरणीय उर्जा प्रवर्द्धनका क्रियाकलाप अवलम्बन गर्न।

च) प्लास्टिक झोला विस्थापन तथा वैकल्पिक झोला प्रवर्दन गर्न ।

छ) विधार्थीहरुमा वातावरण संरक्षण सम्वन्धि जनचेतना जगाउने खाले क्रियाकलाप संचालन गर्न।

विस्तृत जानकारी निवेदनको ढाचा, सम्झौतापत्र, आवश्यक कागजात www.doenv.gov.np मा हेर्न सकिने छ। छनोट भएका विद्यालयहरुको सुची छनोट पश्चात www.doenv.gov.np मा हेर्न सकिने छ ।